# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ११ ] काठमाडौं, ज्येष्ठ २५ गते २०१८ साल [अतिरिक्ताङ्क ७

### राजदरवार प्रमुख सचिवालयको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट श्रीटंकप्रसाद आचार्यको अध्यक्षतामा निम्नलिखित व्यक्तिहरूसहितको एक शाही भूमि सुधार कमिशन गठन गरिबक्सेको छ ।

| | |
|---|---|
| १। श्रीटङ्कप्रसाद आचार्य | अध्यक्ष । |
| २। श्रीदुर्गानन्दप्रसाद सिंह (सदस्य, राष्ट्रिय योजना परिषद् ) | सदस्य । |
| ३। श्री ५ को सरकार, अर्थ तथा आर्थिक कार्य विषय मन्त्रालयको प्रतिनिधि | सदस्य । |
| ४। श्री ५ को सरकार, कृषि मन्त्रालयको प्रतिनिधि | सदस्य । |
| ५। श्री नेत्रनाथ | सदस्य । |
| ६। श्री बासुपासा | सदस्य । |
| ७। श्री टेकबहादुर पन्थी | सदस्य । |
| ८। श्री दयानिधि शर्मा | सदस्य । |
| ९। श्री खड्गबहादुर सिंह | सदस्य । |
| १०। श्री बी. बी. सुब्बा | सदस्य । |
| ११। श्री डी. गौरीनारायण | सदस्य । |



९५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२। श्री पीयूषराज सदस्य ।
१३। श्री गेहेन्द्रनारायण सिंह सदस्य ।
१४। श्री महेशचन्द्र रेग्मी सचिव ।

सो कमिशनले देहायबमोजिम काम गर्नेछ :–

१ देशको वर्तमान भूमि व्यवस्थाको सर्वाङ्गीय अध्ययन गरी त्यसमा आवश्यक सुधार ल्याउनको निम्ति खास गरेर निम्नलिखित विषयहरूमा सुझाउहरू श्री ५ को सरकारमा पेश गर्नः–

(क) हाल देशमा रहेका भूमिव्यवस्थाहरूमा के कति त्रुटिहरू छन् र तिनमा बहुसंख्यक वर्गको हितको निम्ति कुन रूपको सुधार ल्याउने ।

(ख) भूमिदारी सम्बन्धी जग्गा जमीन ( गुठी, बिर्त्ता, किपट, जिरायत, सिर, उखडा आदि ) सम्बन्धी आवश्यक तथ्यांक संकलन गर्ने ।

(ग) भूमिहीन ( landless ) वर्गको समस्या ।

(घ) कृषि उपयुक्त, तर हालसम्म पर्ति रहन गएको जग्गा सम्बन्धी सबै समस्याहरू ।

(ङ) कृषि ऋण (Rural credit) को व्यवस्था मिलाउने विषयमा ।

(च) अधिकांश तराई क्षेत्रमा रहेको बेदखलीको समस्या ।

(छ) भूमि सम्बन्धी प्रचलित ऐन कानून तथा तिनमा गरिनुपर्ने परिवर्तन ।

(ज) बेदखलीको समस्या ।

(झ) प्रचलित भूमिकर र हालको प्रयोगात्मक (Experimental) किसिमको लगाइएको जग्गा सम्बन्धी करको सम्बन्धमा सुधार ल्याउन सुझाउ पेशगर्ने ।

(ञ) प्रचलित भूमि व्यवस्था तथा कर व्यवस्थामा भइरहेको असमानतालाई हटाई देशभरी समान (Uniform) व्यवस्था कायम गर्नको निम्ति सुझाउ पेशगर्ने ।

२. कमिशनले श्री ५ को सरकारमा ९ (नौ) महीनादेखि एक वर्षको अवधिमा नेपालको जिल्ला जिल्लाको भूमि सम्बन्धी स्पष्ट हुनेगरी एक विस्तृत रिपोर्ट पेशगर्ने ।

३. स्थानीय अवस्थाको ज्ञान सदस्यहरूले हासिल गर्न नसकेमा कमिशनले पेशगर्ने रिपोर्ट वस्तुस्थितिको दिग्दर्शन गराउने किसिमको हुन नसक्ने भएकोले सबै सदस्यहरूले पहाड तथा तराईका जिल्लाहरूको भ्रमण गरी स्थानीय अवस्थाको राम्रो अध्ययन गर्नु आवश्यक पर्छ ।

हाल रहेका भूमि सुधार कमिशनको अफिस अब शाही भूमि सुधार कमिशनको सचिवालय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सो कमिशनले भूमिसुधार सम्बन्धी, काममा अर्थ (मालपोत) मन्त्रालयसँग संपर्क राख्ने र सो कमिशनले भूमिसम्बन्धी काममा लेखापढी गरी सोधनी गरेका विषयमा सबै मन्त्रालय तथा विभाग अड्डाहरूले सहयोग गर्नै गराउने छन् ।

हुकुमबक्से बमोजिम,

सरदार हंसमान सिंह

श्री ५ महाराजाधिराजको प्रमुख सचिव

गोरखापत्र छापाखानामा मुद्रित

९६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।